२०८१ साल असार ९ गते आईतवार
उपाध्यक्ष श्री कान्ता अधिकारीले १५ औं
गाउँसभा बैठकमा प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०८१/०८२ को
# बजेट वक्तव्य

रिब्दीकोट गाउँपालिका
खस्यौली, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
२०८१

श्रद्धेय सभाअध्यक्षज्यू,
गाउँसभा सदस्यज्यूहरु

यस गरीमामय सभामा संघीय लोकतान्त्रिक गणत न्त्र प्राप्तिका लागि भएका विभिन्न आन्दोलन एवं क्रान्तिमा शाहदत प्राप्त गर्ने वीर शहिदहरुप्रति श्रद्धासुमन अर्पण गर्दछु। रिब्दीकोट गाउँपालिकाको उपाध्यक्ष एवं बजेट तथा कार्यक्रम तर्जुमा समिति संयोजकको हैसियतले यस सम्मानित सभा समक्ष आ.व. २०८१।०८२ को बजेट प्रस्तुत गर्न चाहन्छु।
नेपालको संविधानको धारा २३२ मा भएको व्यवस्था बमोजिम संघ, प्रदेश र स्थानीय तहबिचको सहकारिता, सहअस्तित्त्व र समन्वयको सिद्धान्तलाई अवलम्बन गर्दै जनसहभागिता, उत्तरदायित्त्व र पारदर्शिता सुनिश्चित गरी गुणस्तरीय र दिगो विकास एवं आधुनिक कृषि मार्फत कामका अवसरहरु प्रदान गरी जनतामा राहतको अनुभूति दिलाउनु पर्ने अवसर, दायित्त्व र चुनौती हामी समक्ष रहेको छ।

आगामी आ.व.को बजेट तर्जुमा गर्दा मैले मूलतः नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७१ नेपाल सरकार तथा लुम्बिनी प्रदेश सरकारको नीति तथा कार्यक्रम, बजेटको सिद्धान्त र प्राथमिकता, गाउँपालिकाद्धारा निर्मित कानुनहरु, गाउँकार्यपालिकाका निणर्यहरु तथा दीगो विकास लक्ष्यलाई मुख्य आधार बनाएको छु। विभिन्न क्षेत्रका सरोकारवालाबाट प्राप्त हुन आएका महत्त्वपूर्ण सुझावलाई समेत बजेट निर्माण गर्दा विशेष ध्यान दिएको छु। स्थानीय सरकारको आन्तरिक स्रोत, नेपाल सरकार र प्रदेश सरकारबाट हस्तान्तरित अनुदान तथा राजश्व बाँडफाँडलाई मुल आधार मानी यो बजेट तथा कार्यक्रम तर्जुमा गरेको छु। साथै यस बजेटमा गाउँपालिकाको आफ्नो क्षेत्राधिकारभित्र कर तथा गैर कर राजश्व परिचालन र व्यवस्थापनलाई प्राथमिकतामा राखेको छु। चालु आ.व.मा लिएका करका दरहरुलाई अनुसूचीमा समावेश गरेको छु।

**गाउँसभा सदस्य ज्युहरु,**

अब म आगामी आार्थिक वर्ष २०८१/०८२ को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहान्छु। समृद्ध रिब्दीकोट निर्माणको आधार शिक्षा, कृषि, पर्यटन र पूर्वाधार भन्ने मूल नाराका साथ आ.व. २०८१।०८२ को प्रस्तावित बजेटका उद्देश्यहरु निम्न बमोजिम रहेका छन :

क) समग्र गाउँपालिकाका जनताहरुको जीवनस्तरमा सुधार गरी आर्थिक क्षेत्रको बृद्धि द्वारा समुन्नत रिब्दीकोट बनाउने
ख) शिक्षा र स्वास्थ्यमा नवीनतम सुधार गरी गुणस्तरिय स्वास्थ्य र शिक्षा गर्ने प्रत्येक नागरिकको हकलाई सुनिश्चित गर्ने।
ग) जनसहभागिता, उत्तरदायित्त्व, पारदर्शिता र जवाफदेहिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रदान गर्ने।
घ) स्थानीय साधन स्रोत, अवसर र क्षमताको विकास तथा उच्चतम उपयोग गरी रिब्दीकोटको आन्तरिक क्षमता बृद्धि गर्ने।
ङ) संघ तथा प्रदेश सरकारको लक्ष्य र सोंच एवं सरकारका नीति तथा कार्यक्रम एवं दीगो विकास लक्ष्यहरुलाई स्थानीय स्तरदेखि नै सहयोग पुऱ्याउनु।
च) लैंगिक, अपाङ्गता, लक्षित समूह तथा जात आदिका आधारमा गरिने विभेद अन्त्य गरी सामाजिक समावेशीकरण र समतामुलक समाजको निर्माण गर्ने।

**आगामी आर्थिक वर्षको बजेटमा देहायका प्राथमिकताका क्षेत्रहरु तय गरी सोही अनुसार बजेट विनियोजन गरेको छु।**

क) सहज बाटोको पहुँचबाट टाढा रहेका वडा कार्यालय सम्म पहुँच मार्ग स्तरोन्नति गरी स्थानीय सरकारबाट पाउने सेवा सुविधामा सरल र सहज पहुँच पुर्याउने।
ख) जनताको स्वास्थ्य सुविधालाई उच्च ध्यानमा राखी स्वास्थ्य सेवामा गुणस्तर र सरल पहुँच पुर्याउने।

ग) शिक्षा, कृषि, स्वास्थ्य, पयर्टन तथा पूर्वाधार क्षेत्रको विकास मार्फत आर्थिक विकास गर्ने ।

घ) नवप्रवर्तनकारी कार्यहरु गरी स्थानिय उत्पादनहरुको बजारीकरण र ब्राण्डिङ्ग गर्ने साथै रोजगार, स्वरोजगार एंव उद्यम गर्ने वातावरण सिर्जना गर्ने ।

ङ) प्राचीन कला सँस्कृतिको संरक्षण र पर्यटकीय क्षेत्रको प्रचारप्रसार तथा विकास निर्मणद्वारा पर्यटन प्रवर्द्धन गर्ने ।

च) वन, वातावरण तथा विपद् व्यवस्थापन गर्ने ।

छ) सेवा प्रवाह गुणस्तरिय र पारदर्शी बनाई सुशासन प्रवर्द्धन गर्ने ।

गाउँसभाका सभाध्यक्ष ज्यू,

गरिमामय सभाका सदस्यज्युहरु,

अब म चालु आर्थिक वर्ष ०८०।८१ को आय व्ययको यथार्थ स्थिति तथा हालसम्मको प्रगति प्रस्तुत गर्न चाहन्छु ।

- चालु आर्थिक वर्ष २०८०।०८१ मा हाल सम्म यस गाउँपालिकाको लागि संघीय सरकार र प्रदेश सरकारको समानिकरण अनुदान, विशेष अनुदान, शसर्त अनुदान, समपुरक अनुदान, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, गाउँपालिकाको आन्तरिक आय समेतबाट प्राप्त हुने जम्मा ५५ करोड १६ लाख ६० हजार ५१० अनुमान गरिएकोमा हाल सम्म संघीय सरकार, प्रदेश सरकार तथा यस पालिकाको आन्तरिक आय समेत बाट गरी जम्मा ४७ करोड ५७ लाख ८१ हजार ५० रुपैँया आम्दानी प्राप्त भएको छ। जसमध्ये यस पालिकाको आन्तरिक आय तर्फ रु ७३ लाख राजश्व उठ्ने अनुमान गरिएकोमा हाल सम्म जम्मा ७८ लाख ६७ हजार २७५ रुपैँया राजश्व संकलन भएको छ भने हाल सम्म रू ३१ करोड ६१ लाख २६ हजार ५५९ अर्थात ५७.३० प्रतिशत खर्च भएको छ ।
- यस आ व को लागि चालुतर्फ रु ३७ करोड ४० लाख ५९ हजार ६२४ बजेट विनियोजन गरिएकोमा हालसम्म रु २४ करोड ८५ लाख ७९ हजार ५५४ अर्थात ६६.४५ प्रतिशत खर्च भएको छ ।
- यस आ.व को लागि पूजिगत तर्फ रु १७ करोड ७६ लाख ८८६ विनियोजन गरिएकोमा हालसम्म ६ करोड ७५ लाख ४७ हजार १३ रुपियाँ अर्थात ३८.०३ प्रतिशत खर्च भएको छ ।
- वडा कार्यालय तर्फ विनियोजन गरिएको बजेट मध्ये हालसम्म वडा नं १ को ४२.०८ प्रतिशत, वडा नं २ को ६२.४६ प्रतिशत, वडा नं ३ को ५९.८२ प्रतिशत, वडा नं ४ को ८१.२९ प्रतिशत, वडा नं ५ को ५९.९६ प्रतिशत, वडा नं ६ को ८१.६५ प्रतिशत, वडा नं ७ को ७९.४४ प्रतिशत, र वडा नं ८ को ५८.४७ प्रतिशत रकम खर्च भएको छ ।

**अब म चालु आर्थिक वर्ष ०८०।८१ को विभिन्न विषय क्षेत्रहरुमा विनियोजन गरिएको बजेटको प्रगति विवरण प्रस्तुत गर्न चाहन्छु ।**

- टमाटर,काक्रा,सुन्तला,अकबरे खुर्सानी,अदुवा र बेसर मा प्रति केजी रु २ र दुधमा प्रति लिटर रु ४ दरले कृषि सहकारी वा संकलन केन्द्र मार्फत बिक्रि वितरण गर्ने किसानहरुलाई उत्पादनमा आधारित अनुदानमा रु २० लाख अनुदान प्रदान गरिएको छ |
- पाच वटा वडाका कृषकहरुको माग संकलन गरि ५०% अनुदानमा ६३ हजार २ सय ३० के.जी. रातो आलु बिउ १ हजार २ सय २२ किसान, १४ समूह र ३ वटा सहाकारीलाइ वितरण गरिएको छ |
- एकिकृत घुम्ती शिविर अन्तर्गत ४ वटा वडाहरुमा ६२ कृषकलाई कृषि सेवा प्रदान गरिएको छ ।
- हाल रिब्दिकोट गाउँपालिकामा ७०० रोपनीमा अकबरे खुर्सानी रहेकोमा चालु आ.व.मा १७०० रोपनी क्षेत्रफ़लमा क्षेत्र विस्तार गर्ने लक्ष्यका साथ सबै वडाहरुमा निशुल्क अकबरे खुर्सानी को बिउ वितरण गरिएको छ। पाल्पा

रिब्दिकोट अकबरे खुर्सानी प्रसोधन उद्योगसंग समन्वयमा रातो खुर्सानीको न्युनतम मूल्य रु २२० कायम गरिएको छ।

- साना ब्यबसायिक कृषि उत्पादन केन्द् (पकेट) कार्यक्रम अन्तर्गत १० वटा अस्थाई टनेल निर्माण, १४० रोपनी क्षेत्रफलमा श्री नमुना कृषि बहु उदेश्यीय सहकारी सस्था द्वारा तरकारी खेती भैराखेको छ।
- कृषि ज्ञान केन्द्र पाल्पा ,कृषि सामाग्री कम्पनी लि. पाल्पा र रिब्दीकोट गाउँपालिकाको समान्वयमा यस गाउँपालिकामा रासायनिक मलको कारोबार गर्दै आएका सहकारी संस्था मार्फत रासायनिक मल किसानहरुलाई उपलब्ध गराइएको छ |
- रिब्दीकोट गाउँपालिकाबाट संचालन हुने कृषि कार्यक्रमहरु बैधानिक,प्रभावकारी र पारदर्शी रुपले संन्चालन गर्न "कृषि तथा पशुपन्छी सम्बन्धी ऐन-२०७९" बमोजिम आवश्यक कार्यविधी निर्माण भएको छ |
- श्री जलेश्वर बहुउदेश्यीय सहकारी सस्था संगको साझेदारीमा प्रांगारिक मल कारखाना निर्माण सम्पन्न हुने चरणमा रहेको छ।
- देउराली मसार कृषि प्रवर्धन कार्यक्रम अन्तर्गत २८ रोपनी क्षेत्रफलमा थोपा सिचाई, १२ ओटा प्लास्टिक ड्रम, २ वटा प्लास्टिक पोखरी तथा १४ वटा मल्चिंग रोल विस्तार गरिएको छ।
- RAP ( रिब्दीकोट कृषि परियोजना ) द्वारा ७८ वटा स्थाई टनेल निर्माण तथा कृषकहरुलाई आवश्यक तालिम, पोखरी निर्माण तथा थोपा सिचाई को काम भैरहेको छ।
- रैथाने बलि प्रवर्धनका लागि कोदो को बिउ वितरण तथा चेतनामुलक सामग्री प्रकाशन गरिएको छ।
- तरकारी खेति प्रवर्धन द्वारा ३३ जना कृषक/ फर्म ले १०० रोपनीमा तरकारी खेति कार्यक्रम संचालन गरिएको छ
- मकै को बिउ उत्पादक समूह तथा सहकारीलाइ मूल बिउ वितरण तथा कृषकका लागि करिब ८ टन मकै को उन्नत बिउ अनुदान वितरण गरिएको छ।
- मकै प्रवर्धन कार्यक्रम अन्तर्गत १४ वटा मिनी टिलर वितरण गरिएको छ।
- ६४ वटा गोला सहित को आधुनिक मौरीको घार ७५% अनुदानमा वडा नं. ८ स्थित काउले मौरी पालक कृषि समूहलाइ वितरण गरिएको छ।
- नागरिकको मागमा आधारित लागत साझेदारी कार्यक्रम अन्तर्गत ३१७ रोपनी बाझो जग्गामा खेतीको लागि सम्झौता भई अदुवा, बेसार, फलफुल तथा अन्य नगदे बलिको खेति भई रहेको छ।
- कम्बायिन मिल, मकै छोडाउने मेसिन, प्लास्टिक क्यारेट , डीजीटल काटा, स्प्रयेर वितरण द्वारा करिब २३० घरधुरी लाभान्वित भएका छन।
- पालिका भित्रका ५२ जना मृगौला, क्यान्सर र मेरुदण्ड पक्षघात भएका बिरामीलाई औषधि उपचार खर्च मासिक रू ५००० का दरले रकम भुक्तानी भएको छ। दीर्घ रोगीहरूको लागि बिपन्न राहत कोषमा र संघ तथा प्रदेशमा सिफारिस गरिएको छ।
- गाउँपालिका अन्तर्गत संस्थागत सुत्केरी हुनेलाई रु १५०० का दरले पोषण रकम र ९६ जना मृगौला, क्यान्सर र मुटु जस्ता दिर्घरोगीलाई नगद औषधी उपचार र यातायात खर्च रकम प्रदान गरिएको छ।
- आवश्यक औषधी खरिद गरि स्वास्थ्य संस्था मार्फत नि:शुल्क रुपमा उपलब्ध गराईएको छ।
- खस्यौली प्राथमिक स्वास्थ्य केन्द्रमा जेष्ठ नागरिकहरूलाई ल्याब र एक्सरे सेवा निशुल्क गरिएको छ।
- दिर्घ रोगी तथा विरामीहरुका लागी निशुल्क रुपमा अक्सिजन सिलिण्डरको व्यस्था गरिएको छ।
- विद्यार्थीहरुलाई श्रम प्रति आकर्षित गराउने, श्रम गर्ने वानीको विकास गराई सिकाईलाई श्रमसँग नागरिक तयार गर्न विद्यालयहरुमा सिक्दै कमाउँदै कार्यक्रम निरन्तर संचालन गरिएको छ।

- विद्यार्थीहरुको प्रतिभाको प्रस्फुटन गराउने उद्देश्यका साथ विभिन्न विधामा पालिकास्तरीय प्रतियोगिताहरु संचालन गरिएको छ।
- "स्वास्थ्यका लागि खेलकुद राष्ट्रका लागि खेलकुद" भन्ने आदर्श वाक्यका साथ गाउँपालिका स्तरीय अध्यक्षकप भलिबल प्रतियोगिता राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता सम्पन्न भएको छ।
- प्रदेश समपुरक अन्तर्गत हटिया– भारकोट–डुम्रे मोटरबाटो स्तरोन्नतिको काम अन्तिम चरणमा पुगेको छ र देउराली–शान्तीचौर–ख्याहा–जोगीथुम–सातमुरे मोटरबाटो र बतासे फेक मोटरवाटो स्तरोन्नतिको काम निरन्तर सञ्चालनमा रहेको छ।
- चालु आवमा पूर्वाधार तर्फ ९० कि.मि. सडक मर्मत, ३ कि मी सडक ग्राभेल, ७.५ कि मी सडक नयाँ ट्रयाक, १.५ कि मि पक्कि कालो पत्रे सडक निर्माण, ६.५ कि मी पक्कि नाली निर्माण, ३ कि मि, ढलान सडक निर्माण कार्य सम्पन्न भएको छ।
- लुम्बिनी प्रदेशबाट विनियोजित बजेटबाट विपन्न वर्ग उत्थान कार्यक्रम अन्तर्गत २८२ जना विपन्न वर्गलाई स्वास्थ्य बिमा तथा अन्य आयआर्जन काम गर्नको विपन्न वर्ग उत्थान सम्बन्धी कार्यविधि २०८० स्वीकृत गरी वडाबाट २८२ जनाको निवेदन संकलन गरी ६ जनालाई बंगुरपालन र अन्य कार्यक्रममा आर्थिक सहायता प्रदान गरिएको छ।
- गाउँपालिकाबाट प्रदान गरिएको ग वर्ग अपाङ्गता भत्ता पहिलो, दोस्रो, तेस्रो सम्ममा १०१ जना लाभग्राहीहरुलाई रकम रु.७,२०,०००/- वितरण गरिएको छ।
- आगामी आ.व. २०८१।०८२ को लागि रोजगार व्यवस्थापन सूचना प्रणालीमा ८४५ जना बेरोजगार व्यक्तिहरुको नामावली प्रविष्टि, वैदेशिक रोजगारीमा जाने २५ जना व्यक्तिलाई श्रम स्वीकृति प्रक्रियामा सहजीकरण र चालु आ.व. मा १४ वटा योजना मार्फत ७९ जनालाई १०० दिन बराबरको रोजगारी प्रदान गरिएको छ।
- संस्थागत तथा सुशासन विकास तर्फ गाउँपालिकाको मध्यकालिन संरचना, आवधिक योजना, व्यवस्थापन तथा संगठन सर्भेक्षण (O&M), तथा आन्तरिक नियन्त्रण प्रर्णाली तयारी गरि कार्यन्वयनको अवस्थमा रहेको साथै गाउँपालिकाको समग्र काम कारबाही विद्युतिय प्रर्णाली मार्फत गर्ने गरि विद्युतिय सरकारको (E-Government Framework) अवधारणा बमोजिम काम भैरहेको छ। हालसम्म विधुतिय हाजिरी प्रर्णाली, राजश्वको QR pay मार्फत भुक्तानी प्रर्णाली, अनलाईन ब्यावसाय दर्ता प्रर्णाली, अनलाईन सिफारिस प्रर्णाली लगायत कार्यन्वयन चरणमा रहेका छन।

**सभाध्यक्ष ज्यू,**

**अब म आ.व. २०८१/०८२ को प्रस्तावित आय-व्यय अनुमान प्रस्तुत गर्न चाहन्छु ।**

आ.व.२०८१/०८२ को लागी संघीय सरकार वित्तिय समानिकरण अनुदान ८ करोड ६६ लाख, संघीय सरकार राजस्व वाँडफाँड मार्फत ८ करोड २२ लाख ३८ हजार, संघीय समपुरक अनुदान १ करोड, संघीय सरकार विषेश अनुदान रु.३ करोड र संघीय सरकार सशर्त अनुदान २७ करोड ४४ लाख ३२ हजार (शिक्षा, स्वास्थ्य, आयुर्वेद, कृषि, पशु, प्रधानमन्त्री रोजगार, झोलुंगेपुल र राष्ट्रिय परिचयपत्र तथा पंजीकरण कार्यक्रमसँग सम्बन्धित तोकिएका कार्य सम्पादन गर्नका लागि) प्रदेश सरकार वित्तिय समानिकरण अनुदानमा रु. ५६ लाख ६१ हजार, राजश्व बाँडफाँड ४० लाख ८७ हजार, समपुरक अनुदान ७० लाख, प्रदेश सरकार सशर्त अनुदान ८१ लाख र गाउँपालिकाको आफ्नो आन्तरिक आम्दानीको श्रोतबाट ८३ लाख, चालु आ.व.को बचत हुने रकम रु.२ करोड र अन्य अन्तरसरकारी निकाय र विभिन्न संघ संस्थाहरुबाट

सहयोग तथा साझेदारी प्राप्त १ करोड ७५ लाख ४० हजार २१० समेत गरी संघ, प्रदेश आन्तरिक आय, रोयल्टी समेतबाट कुल जम्मा ५५ करोड ५९ लाख २० हजार प्राप्त हुने अनुमान गरेको छु।

**सभाध्यक्ष महोदय,**

**सभाका सदस्य ज्यूहरु,**

अब म यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।०८२ मा क्षेत्रगत रुपमा विनियोजन गरिएको व्ययको अनुमानित विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**कृषि तथा भुमि व्यवस्था:**

१ कृषि क्षेत्र नै रिब्दीकोटको सम्वृद्धिको मूल आधार भएकाले दीगो, आत्मनिर्भर एवम समाजवाद उन्मुख अर्थतन्त्र निर्माणका लागि गाउँपालिकाको एकीकृत कृषि तथा पशु विकास रणनीति बनाई **"एक टोल, एक सामुहिक खेती"** तथा स्थलगत तालिम कार्यान्वयनमा ल्याईनेछ। यसको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

२ उत्पादनमा आधारित अनुदान कृषि उपज (टमाटर, सुन्तला, दुध, मासु, तरकारी, अदुवा, खुर्सानी र बेसार) उत्पादन गर्ने किसानहरुलाई प्रोत्साहित गर्न उत्पादनमा आधारित अनुदानको दायरा विस्तार गर्ने नीतिलाई आवश्यक बजेट विनियोजन गरेको छु।

३ प्रांगारिक मल र खेतीलाई प्रोत्साहन गर्दै गाउँपालिका क्षेत्र भित्र कृषि तथा पशु सेवा क्षेत्र चुस्त दुरुस्त बनाउन आवश्यक बजेट विनियोजन गरेको छु।

४ एक वडा एक उत्पादन क्षेत्रको सम्भाव्य अध्ययन गरी आवश्यक कार्यको थालनी गर्ने तथा कृषि तथा पशुपलानमा आइपर्ने बिपतको क्षति न्यूनीकरणका लागि कृषि तथा पशु विमा कार्यक्रमको लागी आवश्यक बजेट विनियोजन गरेको छु।

५ नमूना सुन्तला बगैचा स्थापना सहित गुरु किसान परिचालन र क्षेत्रफल बिस्तार गर्नका लागी र रैथाने बाली प्रवर्द्धन कार्यक्रमको लागी रु ४ लाख विनियोजन गरिएको छ।

६ किसानहरुको उत्पादित कृषि उपजहरुलाई संकलन केन्द्र मार्फत बजारीकरणको लागि रु १० लाख बजेट विनियोजन गरेको छु।

७ कृषि तथा पशुजन्य वस्तुको उत्पादकत्व वृद्धि गर्न हेफर इन्टरनेशनलको साझेदारीमा रिब्दीकोट कृषि परियोजना(RAP) सञ्चालन गर्न रु १ करोड २० लाख र मुख्यमन्त्री तथा मन्त्रीपषद्को कार्यालयको साझेदारीमा RATO परियोजना कार्यक्रम सञ्चालन गर्नका लागी रु १ करोड ४२ लाख बजेट विनियोजन गरेको छु।

८ **"उत्कृष्ट किसान सम्मान कार्यक्रम"** र घरदैलो प्राविधिक सेवा उत्पादनमा टेवा कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेटको आवश्यक बजेट विनियोजन गरेको छु।

९ **"म बनाउँछु मेरो रिब्दीकोट"** भन्ने मूल नाराको सार्थक तुल्याउन आवश्यक बजेट विनियोजन गरेको छु।

१० पशु विकास तर्फ गाईभैंसी पकेट विकास कार्यक्रम, बंगुर प्रवर्द्धन कार्यक्रम, बाख्रा फर्म सुदृढीकरण कार्यक्रम, गाईभैंसीको थरी तथा भकारो सुधार कार्यक्रम, पशुपंक्षी मेडिकल उपचार सेवा, पशुपंक्षी नि:शुल्क खोप सेवा शुल्क र खोप संचालनका लागि लजिष्टिक व्यवस्थापन, पशु शाखाको ल्याब व्यवस्थापन लगायतका कार्यका निम्ति आवश्यक बजेट विनियोजन गरेको छु।

११ **"खनौं आफ्नो माटो, छाडौं विदेशको बाटो"** नारालाई कार्यान्वयनमा ल्याउन बजेट आवश्यक बजेट विनियोजन गरेको छु।

१२ कृषि उत्पादन प्रवद्धन गर्न हल गोरु पाल्ने कृषकलाई प्रोत्साहन गर्न अनुदानको कार्यक्रमका निम्ति आवश्यक बजेट विनियोजन गरेको छु ।

१३ जनताको आफ्नै सरकार भन्ने अनुभूति दिलाउन अध्यक्षसँग किसान कार्यक्रम र महिलासँग उपाध्यक्ष कार्यक्रम संचालनको लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

१४ गाउँपालिका स्तरीय सुन्तला महोत्सव गर्नका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

१५ गाउँपालिकाको वडा नं ८ काउलेमा र अन्य स्थानहरुमा सामुहिक र आधुनिक मौरी पालन कार्यक्रमका निम्ति आवश्यक बजेटको व्यवस्था मिलाएको छु । जसबाट जनताको आर्थिक उन्नति हुने विश्वास लिएको छु ।

१६ बाझोँ जग्गालाई प्रयोग गरि कृषि गर्नेलाई आवश्यक अनुदान दिन आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

**सभाध्यक्ष महोदय,**

**सभाका सदस्य ज्यूहरु ,**

कृषिका यी कार्यक्रमको कार्यान्वयनबाट गाउँपालिका भित्रको खेतीयोग्य जमिनको उपयोग भई उत्पादन र उत्पादकत्त्वमा उल्लेखनीय अभिवृद्धि हुनुको साथै स्थानीय उपजहरुको ब्राण्डिङ्ग तथा वजारीकरण समेत भई उद्यम, रोजगारी र स्वरोजगारी बृद्धि हुने अपेक्षा लिएको छु ।

**<u>पूर्वाधार विकास :</u>**

१७ पर्यटकीय सम्भावना बोकेका प्राकृतिक, ऐतिहासिक, धार्मिक एवम् सांस्कृतिक क्षेत्रहरुको पहिचान गरी पूर्वाधार निर्माणका कार्यहरु अगाडि बढाईने छ । भैरवस्थान जलेश्वरको शान रिब्दीकोटको उत्थान भन्ने नाराका साथ बहुवर्षिय योजनालाई निरन्तरता दिई गरि जलेश्वर पर्यटन पूर्वाधारको लागि रु २ करोड बजेट बिनियोजन गरेको छु ।

१८ विभिन्न अधुरा खानेपानी योजनाहरु निरन्तरता दिई सम्पन्न गर्न आवश्यक बजेट व्यवस्था मिलाएको छु

१९ खेलकूदद्वारा स्वास्थ्य जिवनयापनको लागि खेलकूद पूर्वाधार निर्माणलाई निरन्तरता दिन देउराली कोहलमा उत्कृष्ट पालिकास्तरिय खेलमैदानको लागि रु ३ करोड बजेट व्यवस्था मिलाएको छु ।

२० पालिकाको गौरवका आयोजनाको रुपमा वडाहरु जोड्ने पहुँचमार्गहरु देउराली-बरपोखरा-शान्तीचौर-ख्याहा सडकमा रु ५० लाख, बतासे-फेक सम्मको मोटरबाटो स्तरोन्नतिमा रु ६५ लाख र कुसुमखोला वडा भवन निर्माणलाई रु ५० लाख बजेट बिनियोजन गरी बहुवर्षिय आयोजनाको रुपमा प्रस्तुत गरेको छु ।

२१ भैरवस्थान-भारकोट-मजुवा-पोरक्नी हुँदै वडा कार्यालय जोड्ने सडकलाई प्रदेश सरकार समपुरक र गाउँपालिकाको लागतमा सम्पन्न गर्न रु १ करोड ४० लाख विनियोजन गरेको छु ।

२२ गाउँपालिका कार्यालय देखी वडा कार्यालय जोड्ने सडकहरुलाई गाउँपालिकाको रणनितिक सडकको रुपमा समावेश गरि प्राथमिकताका आधारमा आवश्यक बजेट विनियोजन गरेको छु ।

२३ हार्थोक छहरा सडकको रिब्दीकोट खण्ड मर्मत सुधारको लागि रु २५ लाख बजेट बिनियोजन गरेको छु।

२४ नयाँ तथा नविनतम पर्यटन तथा पूर्वाधार विकासहरु सम्भावयता र भैवस्थान जलेश्वर बैकल्पिक यातायात PODWAY को सम्भाव्यता अध्ययन गर्नका निम्ती आवश्यक वजेट विनियोजन गरेको छु ।

**उद्योग वाणिज्य तथा आपूर्ति :**

२५ सार्वाजनिक निजि साझेदारीका माध्यमबाट जनताको लगानी समेत सुनिश्चित गरि रिब्दीकोट उद्योग विकास प्राधिकरण नामको पब्लिक कम्पनी गठन गरिनेछ र सोको लागि रु १० लाख बजेट विनियोजन गरेको छु ।

२६ मुख्यमन्त्री नवप्रवर्तन कार्यक्रम अन्तर्गत अकबरे खुर्सानी, बेसार, अदुवा र सुन्तला लगायतका स्थानीय कृषि उपजलाई ब्राण्डीङ्ग एंव बजारिकरण गर्न गाउँपालिकामा एक वृहत उद्योग स्थापना गरिनेछ जसका लागि रु ६७ लाख ५० हजार विनियोजन गरेको छु ।

२७ स्थानीय बस्तुको प्रयोग गरौँ र उत्पादनमा प्रोत्साहन गरौ भन्ने अभियान संचालन गरी स्थानीय कच्चा पदार्थमा आधारित कच्चा पदार्थको प्रशोधन उद्योग साना उद्योग र घरेलु उद्योगको स्थापना गरी संचालनमा ल्याउन नीजि क्षेत्रलाई प्रोत्साहन गरिनेछ । परम्परागत कला कौशललाई प्रवर्द्धन तथा सीपमा आधारित पेशालाई संरक्षण गर्न र प्रविधि हस्तान्तरणको लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

**स्वास्थ्य :**

२८ “आधारभूत स्वास्थ्य उपचार जनताको अधिकार” भन्ने नाराका साथ खस्यौली प्राथमिक स्वास्थ्य केन्द्रबाट जेष्ठ नागरिकहरु र फरक क्षमता भएका व्यक्तिहरुलाई स्वास्थ्य परिक्षण, प्रयोगशाला परिक्षण,एक्सरे लगायतका सेवाहरु निःशुल्क गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

२९ स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाई विशेषज्ञ सहितको स्वास्थ्य शिविरको कार्यक्रम संचालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

३० गाँउपालिका भित्रका सुत्केरी आमा र बच्चाको पोषण तथा स्याहारलाई थप व्यवस्थित गर्न “सुत्केरी आमा पोषिलो खाना” र बहुपोषण तथा पोषण कार्यक्रमलाइ कार्यक्रमलाई निरन्तरता दिन आवश्यक बजेट विनियोजन गरेको छु।

३१ पाठेघरको क्यान्सर, स्तन क्यान्सर, आङ खस्ने समस्याको उपचारका लागि गाउँपालिकाका समस्याग्रस्त महिलाहरुको तथ्याङ्क संकलन गरी उपचारको व्यवस्था गर्न आवश्यक बजेट विनियोजन गरेको छु

३२ गाँउपालिका भित्रका एच.आई.भि. पोजेटिभ व्यक्तिहरुलाई आत्मनिर्भर बनाउनका लागि विभिन्न किसिमका आयआर्जन कार्यक्रम संचालनका निम्ती आवश्यक बजेट विनियोजन गरेको छु ।

३३ गाउँपालिकाबाट सञ्चालित हुने एम्बुलेन्सको सेवालाई व्यवस्थित र प्रभावकारी बनाउन र हाल रहेका एम्बुलेन्सहरुको स्तरोन्ती गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

३४ दिर्गरोगी तथा असायहरुलाई अक्सिजन ग्याँस निःशुल्क वितरण गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

३५ जिल्लामा ब्लड बैँक स्थापनाको लागी नेपाल रेडक्रस सोसाइटी पाल्पालाई अनुदान रकमको लागी आवश्यक बजेट विनियोजन गरेको छु ।

**शिक्षा :**

३६ विद्यालय शिक्षालाई गुणस्तरीय र समयसापेक्ष बनाउन गाउँपालिका स्तरीय एक नमूना विद्यालय निर्माण गर्ने नीतिलाई कार्यान्वयनमा आवश्यक बजेट विनियोजन गरेको छु । अभिभावकविहीन बालबालिकाको कक्षा १२ सम्मको शिक्षाको सम्पूर्ण जिम्मेवारी गाउँपालिकाले लिने व्यवस्था मिलाएको छु ।

३७ विद्यार्थीहरुलाई सिकाउने टिकाउने र आत्मनिर्भर बनाउने अभियान स्वरुप विद्यालयमा **पढ्दै कमाउँदै, कमाउदै पढ्दै** कार्यक्रम संचालनलाई निरन्तरता दिन आवश्यक बजेट विनियोजन गरेको छु ।

३८ विद्यालयको महिला शिक्षिका सुत्केरी भई प्रसुती विदा बसेको अवस्थामा विद्यालयको पठनपाठन नियमित गराउन र बैकल्पिक व्यवस्था गर्न शिक्षक बैंकको अवधारणा अनुरुप शिक्षक व्यवस्थापन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

३९ मावि स्तरीय विद्यार्थीहरुलाई सुरक्षित सूचना प्रविधि, साइबर सुरक्षा तथा डिजिटल साक्षरता कार्यक्रम संचालन गरि सचेतना वृद्धि गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

४० विद्यालयहरु मर्ज पछिको व्यवस्थापन गर्न र पठनपाठन लाई प्रभावकारी बनाउन आवश्यक बजेट विनियोजन गरेको छु।

४१ शैक्षिक गुणस्तर बृद्धि गर्नका लागि विषयगत शिक्षकहरुको लागि कार्यशाला तथा क्षमता विकास तालिम संचालन गर्न र लागत साझेदारी मार्फत १ शिक्षक १ ल्यापटप कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

**युवा तथा खेलकुद :**

४२ **"राष्ट्रका लागि खेलकूद खेलकूदको लागि राष्ट्र "** मा टेवा पुर्याउन अध्यक्ष कप र राष्ट्रपति रनिङ शिल्ड खेलकुद संचालन तथा खेलाडी प्रशिक्षणको लागि रु १५ लाख विनियोजन गरेको छु।

४३ शैक्षिक बेरोजगारको अन्त्यको लागि लोक सेवा आयोग, शिक्षक सेवा आयोग, सेना तथा प्रहरी प्रवेश तयारी कक्षा संचालनको लागि ४ लाख बजेटको विनियोजन गरेको छु।

**पर्यटन तथा सांस्कृतिक संरक्षण:**

४४ गाउँपालिकाका विभिन्न स्थानहरुमा पर्यटकीय स्थल निर्माण गरी प्रर्वद्धन गर्न आवश्यक बजेटको विनियोजन गरेको छु।

४५ पर्यटकीय क्षेत्रहरु ढुस्टुङ्गा पार्क निर्माण, रिङ्सिङ्, पूर्णकोट र सेल्फीडाँडा पर्यटन प्रर्वद्धन गर्न आवश्यक बजेटको विनियोजन गरेको छु।

४६ धार्मिक तथा साँस्कृतिक अस्तभुजा देवी मन्दिर, मालिकादेवी मन्दीर, चण्डीस्थान देवी मन्दिर, छत्रदेवालय देवीस्थान मन्दिर (सराय नाच) र रैनादेवी मन्दीर निर्माणका लागी आवश्यक बजेट विनियोजन गरेको छु।

४७ रिब्दीकोटमा सेनकालीन दरवार निर्माण प्रकृया सुरु गर्नलाई आवश्यक बजेट विनियोजन गरेको छु।

**सामाजिक समावेशीकरण**

४८ लक्षित वर्गहरुलाई सिप सिकाई स्वरोजगार एंव उद्यमी बनाउन युवा लक्षित हाउस वायरिङ एण्ड प्लम्विङ तालिम, दलित तथा जनजाती लक्षित ड्राइभिङ तालिम, विपन्न वर्ग लक्षित कुक तालिम र अपाङ्गता व्यवस्थापन तथा मूलप्रवाहीकरणमा आवश्यक बजेट विनियोजन गरेको छु।

४९ समाजका अमूल्य निधिका रुपमा रहेका जेष्ठ नागरीकहरुको लागि "जेष्ठ नागरिक सम्मान", अनुभव आदान प्रदान तथा सहुलियतका कार्यक्रम तथा अन्य लक्षित तथा विपन्न वर्ग उत्थानको लागि आवश्यक बजेट विनियोजन गरेको छु। साथै पालिका भित्र संचालन हुने सम्पूर्ण कार्यक्रमहरु लैङ्गिक समावेशीकरण तथा सामाजिक न्यायको आधारमा संचालित गरिनेछ।

५० बालमैत्री गाउँपालिका निर्माणको प्रक्रिया अगाडि बढाउनको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

५१ 'ग' वर्गका अपांगता ब्यक्तिलाई गाउँपालिकाबाट प्रदान गरीदै आइएको सामाजिक सुरक्षा भत्ताको निरन्तरताको लागि रु १५ लाख रकम विनियोजन गरेको छु ।

५२ विपन्न तथा ख र ग वर्गका व्यक्तिहरुलाई स्वास्थ्य बिमाका लागि दिईदै आएको अनुदानलाई निरन्तरता दिन आवश्यक बजेट विनियोजन गरेको छु ।

५३ गरीब तथा विपन्न वर्गसँग नजिक स्थानीय सरकार छ भन्ने अनुभूति दिलाउन कोख देखि सोकसम्म उपाध्यक्ष कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

**वन, वातावरण, विपद् व्यवस्थापन तथा प्रकोप नियन्त्रण :**

५४ गाउँमा सुक्दै गएका मुलहरुलाई रिचार्ज गर्न तथा भैपरी आउने डढेलो नियन्त्रण गर्न एक गाउँ एक पोखरी निर्माण कार्यक्रममा निम्ती  आवश्यक बजेट विनियोजन गरेको छु ।

५५ पहिरो ग्रस्त क्षेत्रमा वृक्षारोपण तथा बन विकास कार्यक्रम संचालन गर्न, भूधरातलिय जोखिम क्षेत्रमा तटबन्घ निर्माण  आवश्यक बजेट विनियोजन गरेको छु ।

५६ गाउँपालिका भित्र जोखिम रहेका क्षेत्रहरुलाई व्यवस्थापन गर्न र भैपरी आउने विपद तथा प्रकोप व्यवस्थापन गर्न विपद तथा प्रकोप व्यवस्थापन कोषको व्यवस्था गरेको छु ।

५७ विपदको समयमा नागरिकलाई यथार्थपरक सुचना तथा जानकारी प्रदान गर्न गाउँपालिकामा विपद् सेल स्थापना गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

**सुशासन तथा संस्थागत विकास:**

५८ सेवा प्रवाहलाई गुणस्तरीय र प्रविधिमैत्री एवं प्रभावकारीता गर्ने उद्देश्यले सेवा प्रवाहलाई अन्तराष्ट्रिय मापदण्ड (ISO Standard) बनाउन रु ५ लाख विनियोजन गरेको छु ।

५९ पालिका भित्र हुने जनप्रतिनिधि कर्मचारी तथा सरोकारवालालाई उपलब्ध गराईने सबै प्रकारका क्षमता अभिबृद्धि सम्बन्धी तालिममा एकरुपता गराई तालिम तथा अवलोकन भ्रमणको माध्यमवाट जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता अभिवृद्धी गरी काममा उत्प्रेरित गर्न रु २० लाख बजेट विनियोजन गरेको छु ।

६० पारदर्शिता/जवाफदेहिता प्रवर्द्धन गर्न र सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण तथा एकिकृत घुम्ति शिविरको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

६१ जनप्रतिनिधिलाई ICT तथा विद्युतिय सिफारिस सम्बन्धी तालिम संचालन गर्न र स्मार्ट टोलहरु ब्यवस्थापन गरि वडा स्तरीय सुचना केन्द्रको रुपमा विकास गर्न रु १० लाख बजेटको व्यवस्था गरेको छु।

६२ वडा कार्यालय तथा पालिकामा संवेदनशिल चोकहरुमा CCTV जडान गरि गाउँपालिकाबाट निगरानी गर्ने गरी आवश्यक बजेटको व्यवस्था गरेको छु ।

६३ गाउँपालिकाको राजव चुहावटलाई नियन्त्रण गर्न गाउँ प्रहरी तथा राजव चुहावट नियन्त्रण टोली ब्यवस्थापनका लागी  रु ६ लाख बजेटको व्यवस्था गरेको छु ।

६४ अन्तरपालिकाको समन्वय र सहकार्यका लागि अन्तरपालिका जनप्रतिनिधिहरु र कर्मचारीहरु बीच अनुभव आदानप्रदान तथा अन्तरक्रिया कार्यक्रमको लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

६५ न्यायिक समितिको सेवालाई थप व्यवस्थित गर्न वडा तहमा मेलमिलाप केन्द्र गठन गर्न र न्यायिक समितिको इजलास कक्ष स्थापनाको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

६६ संघिय तथा प्रदेश सरकारबाट हस्तान्तरित शसर्त, विशेष, समपुरक शिर्षकमा प्राप्त योजना तथा गा.पा./वडा स्तरीय कार्यक्रमहरुको बिस्तृत विवरण अनुसूचिहरुमा उल्लेख गरेको छु।

**श्रम, रोजगार तथा गरीबी निवारण :**

६७ श्रममुलक योजना कार्यान्वयन मार्फत **श्रम र श्रमिकको मर्यादा हुने रोजगारी** सृजना गर्न र ५ वर्षे रणनीति योजना निर्माण गरि बृहत रोजगरी दिने उदेश्यका साथ आर्थिक वर्ष २०८१।०८२ मा प्रधानमन्त्री रोजगारी कार्यक्रम मार्फत ४६ लाख ९४ हजार प्राप्त भएको साथै गाउँपालिकाबाट समेत आवश्यक बजेट विनियोजन गरि कार्यन्वयन गर्न व्यवस्था मिलाएको छु ।

**आदरणीय अध्यक्ष ज्यू,**
**गाउँसभाका सदस्यज्यूहरु,**
माथि प्रस्तुत गरिएका शीर्षकगत कार्यक्रमहरु संचालन गर्न रु ५५ करोड ५९ लाख २० हजारको कुल बजेट विनियोजन गरिएको छ जसमध्ये पूँजिगत खर्च तर्फ रु २० करोड ६० लाख खर्च हुने अनुमान लिएको छु भने चालु खर्च तर्फ ३४ करोड ९९ लाख २० हजार खर्च हुने अनुमान लिएको छु।
चालु आर्थिक वर्षको हालसम्मको आय व्ययको यथार्थ विवरण, आगामी आर्थिक वर्षको बजेटको क्षेत्रगत र शीर्षकगत अनुमानित विवरण अनुसूचीहरुमा उल्लेख गरेको छु। यसका साथै आर्थिक ऐन र विनियोजन ऐन सम्बन्धी विधेयकहरु यसैसाथ अनुमोदनका लागि पेश गरेको छु। बजेट माथि गहन छलफल गरी पारित गर्नु हुनेछ भन्ने विश्वास लिएको छु।

**सभाध्यक्ष महोदय**
अब म आर्थिक वर्ष २०८१।०८२ को राजश्व नीति तथा कार्यम्रम प्रस्तुत गर्न अनुमति चाहान्छु।
आर्थिक कृयाकलाप र लगानीमैत्री वातावरणका माध्यमबाट आर्थिक बृद्दीमा योगदान पुराउने गरि राजश्व प्रर्णालीमा सुधार गर्ने सोचका साथ राजश्व नीति तय गरिएको छ। रिब्दीकोट गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ को आय सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्ने प्रयोजनका निमित्त स्थानीय कर, शुल्क, दस्तुर र जरिवाना संकलन गर्न छुटदिन तथा अन्य आय संकलनको प्रशासनिक व्यवस्था गर्न बाञ्छनिय भएकोले नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम र धारा २३० बमोजिम रिब्दीकोट गाउँपालिकाको गाउँसभाबाट स्वीकृत गरि कर शुल्क दस्तुर र जरिवाना संकलन गरिने छ।

गाउँपालिकाको आन्तरिक आम्दानी बृद्दी गर्न राजश्वका बृहत दायरा तथा क्षेत्रहरुको पहिचान गरि राजश्वका दरको समेत पुनराबलोकन गरिएको छ। साविकदेखीनै राजश्वको दायरामा नआएका उद्योगी ब्यापारी ब्यावसायी तथा राजश्व प्राप्त गर्न सकिने संभावित क्षेत्रहरु एकिकृत गरि करको दायरा ल्याईएको छ। राजश्व प्रर्णालीमा सुधारको लागि सामुहिक रुपमा अनुगमन निरिक्षण, कर सचेतना तथा कर सप्ताह कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यन्वयन गरिने छ।

जनताले घरमै बसेर कर तिर्ने तथा घरमा नै डिजिटल सेवा प्राप्त गर्ने माध्यमको विकास गर्न E-Sifaris, Internet Banking, Mobile Banking, Ditital Pay, QR Scanning Pay लगायतका प्रर्णालिलाई एकिकृत गरि सो को

आवश्यक संचतनात्मक सुधार गरिने छ । राजश्व प्रणालीको सुधारबाट नै समग्र पालिकाको आन्तरिक आय बृद्दि भै विकासका कृयाकलापहरु चलायमान हुने कुराको अठोटका साथ राजश्व नीतिको उदेश्य देहायबमोजिम लिईएका छन ।

क. राजश्व प्रर्णालीको सुधार गरि पालिकाको आर्थिक कृर्याकलाप, लगानी प्रवर्द्धन, स्थानीय उत्पादक एवं उद्यमलाई प्राथामिकता र प्रश्रय दिनु

ख. राजश्वका दायरा विस्तार र करका आधार संरक्षण गर्दै दिगो, पारदर्शी एवं समसामयिक राजश्व प्रर्णाली विकास गर्नु

ग. करदाता शिक्षा र सचेतनामुलक कार्यक्रमको माध्यमबाट करको दायरा विस्तार एवं कर परिपालना अभिबृद्दी गर्नु

घ. विभिन्न निकायसंगको समन्वय तथा अन्तर निकाय समन्वय सृदृढ गर्दै राजश्व चुहावट नियन्त्रण गर्नु

ङ. राजश्व प्रशासनको दक्षता र ब्यावसायिकता अभिबृद्दी गर्नु

च. कर प्रर्णालीको सुधार मार्फत समग्र पालिकाको आर्थिक वृद्धीमा योगदान पुराउनु ।

राजश्व प्रणालीको सुधार एवं विविधिकरणका माध्यमबाट आर्थिक वर्ष २०८१।०८२ मा यसै साथ उल्लेखित अनुसुचि बमोजिम सम्पत्ति कर, भुमि कर, घर बहाल कर, ब्यावसाय कर, जडिबुटी कवाडी र जिवजन्तु कर, विज्ञापन कर, बहाल बिटौरि कर, पार्किङ शुल्क, सेवा दस्तुर शुल्क, मनोरञ्जन कर, प्रर्यटन शुल्क लगायतका शिर्षकहरुमा कर तथा राजश्व प्राप्त गरिने छ ।

**सम्मानीत सभाका सभाध्यक्ष महोदय**

**सभाका सदस्यहरु**

**अन्त्यमा,**

प्रस्तुत गरिएको बजेटको कार्यन्वयनबाट नया चरणको आर्थिक सुधार कार्यन्वयन हुनेछ । लामो समयदेखि पुजिंगत खर्चको परिपालनामा देखिएका अबरोध समाधान हुने र सार्वजनिक वित्त प्रर्णाली थप चुस्त भई सार्वजनिक खर्चको प्रभावकारीता बढ्ने अपेक्षा गरेको छु । निर्दिष्ठ कार्यक्रम र निर्धारित कार्यक्रम कार्यन्वयन कार्ययोजना तयार गरि सामुहिक रुपमा कार्यन्वयन प्रद्दतीको परिपालनाबाट बजेट तथा कार्यक्रममार्फत गाउँपालिकाले लिएका क्षेत्रगत नीतिहरुमा उल्लेख्य सुधार तथा गुणात्मक विकास भै समग्र पालिकाले विकासमा अग्रगामी छलाङ्ग मार्ने कुराको ढ्रड संकल्पसाथ बजेट पेश गरिएको छ । यो बजेटको कार्यन्वयनबाट आर्थिक गतिबिधिमा तिब्रता आउने र उत्पादन बृद्दी, रोजगार श्रृजना हुन गै दिगो, फराकिलो एवं समावेशी आर्थिक विकास हुने कुराको विश्वास लिएको छु ।

प्रस्तुत बजेट तर्जुमा गर्ने प्रक्रियामा महत्वपूर्ण सल्लाह सुझाव, मार्गदर्शन र सहयोग प्रदान गर्नु हुने गाउँपालिकाका अध्यक्षज्यू, गाउँसभाका सम्पुर्ण पदाधिकारीज्यूहरु, राजनीतिक दलका प्रतिनिधिज्यूहरु, विभिन्न क्षेत्रका विषय विज्ञहरु, संघसंस्थाका प्रतिनिधिज्यूहरु, नागरिक समाज, पत्रकार जगत, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरु र आम गाउँपालिकाबासीहरुमा हार्दिक आभार तथा धन्यवाद ज्ञापन गर्दै प्रस्तुत बजेटको सफल कार्यान्वयन मार्फत समृद्ध रिब्दीकोट निर्माणको आधार शिक्षा, कृषि, पर्यटन र पूर्वाधार भन्ने नारालाई पुरा गर्ने हाम्रो अठोट र सुन्दर यात्रामा यहाँहरुको साथ र सहयोग प्राप्त हुने विश्वासका साथ सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

**धन्यवाद ।**

कान्ता अधिकारी
उपाध्यक्ष
रिब्दीकोट गाउँपालिका